संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति-२०६४ चैत ७**

**बाँकेमा भएको हत्याले संविधानसभा निर्वाचनमा सहभागी बन्न पाउने सबैको स्वतन्त्रतालाई सीमित गर्दछ : उच्चायुक्तको कार्यालय-नेपाल**

नेपालगन्ज – उच्चायुक्तको कार्यालय-नेपालको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयले बाँके जिल्ला निर्वाचन क्षेत्र नं. २ मा राष्ट्रिय जनमोर्चाका तर्फबाट संविधानसभाको निर्वाचनका उम्मेदवार कमलप्रसाद अधिकारीको चैत ५ गते मङ्गलबार भएको हत्याको अनुसन्धान जारी राखेको छ।

हत्या भएको केही घण्टापछि नेपाल प्रहरीले दुईजनालाई पक्राउ गरेको कुरालाई ध्यानमा राख्दै उच्चायुक्तको कार्यालय सो घटनाको पूर्ण अनुसन्धान गर्न, जिम्मेवारहरूको पहिचान गर्न तथा तत्काल अभियोग दायर गरिने कुरा सुनिश्चित गर्न प्रहरीलाई आग्रह गर्दछ।

उच्चायुक्तको कार्यालयले प्रहरीले अधिकारीलाई उनी मारिनुभन्दा केही मिनट अगाडि मात्र भेटेको थियो भन्ने कुरालाई ध्यानमा लिएको छ। यो कार्यालय निर्वाचनका उम्मेदवार तथा सबै जनताको सुरक्षा सुनिश्चित गर्न आवश्यक सबै थप कदम चाल्न राज्यअधिकारीहरूलाई प्रोत्साहन गर्दछ। यो कुरा निर्वाचन प्रक्रियाका लागि स्वतन्त्र तथा स्वच्छ वातावरण सिर्जना गर्न अत्यावश्यक हुन्छ।

"मेरो कार्यालय कमलप्रसाद अधिकारीको हत्याले अत्यन्त चिन्तित छ। कुनै पनि उम्मेदवारको हत्या मुलुकको राजनीतिक मामिलामा सहभागी बन्न पाउने कुनै पनि व्यक्तिको अधिकारको चरम उल्लङ्घन हो र यसले निर्वाचनमा भाग लिन पाउने सबै जनताको अधिकारलाई सीमित गर्दछ," उच्चायुक्तको कार्यालय-नेपालको मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालयकी प्रमुख काटिया चिरिजीले भन्नुभयो। "उच्चायुक्तको कार्यालयले सबैका मानवअधिकारप्रतिको पूर्ण सम्मानलाई सुनिश्चित गर्न सघाउ पुऱ्याउन यस क्षेत्रभरि मानवअधिकार वातावरणको अनुगमन गर्ने कार्यलाई जारी राख्नेछ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org